यहि मिति २०८२ कार्तिक महिनाको २५ गते बसेको कार्यपालिका वैठकको निर्णयहरू:

१. यस गाउँपालिका गाउँकार्यपालिकाको अघिल्लो बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्था बारे छलफल र समीक्षा गरियो ।

२. गाउँपालिकाको पूर्वाधार विकास शाखाको प्रस्ताव बमोजिम आन्तरिक आय वृद्धि गर्न कोखाजोर खोला बनखुखोला आँकुरा खोला राँङ्चा खोला ज्यामिरे तथा चउखोला क्षेत्रको स्वीकृत प्रारम्भिक वातावरणीय अध्ययन परिक्षण प्रतिवेदन बमोजिम दोस्रो पटक आन्तरिक आय ठेक्का आव्हान भएकोमा कुनै पनि प्रस्ताव पेश नभएकोले वातावरणीय परिक्षण प्रतिवेदनले निर्धारित परिमाणमा २० प्रतिशत घटाएर पुनः तेस्रो पटक सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार आन्तरिक आय ठेक्का आव्हान गरीयो । साथै आन्तरिक आयको ठेक्का व्यवस्थापन नभइन्जेलसम्मका लागि सार्वजनिक खरिद ऐन तथा नियम र प्रदेश आर्थिक ऐन वमोजिम अमानत विधिवाट कर तथा राजश्व संकलनको व्यवस्था मिलाउने निर्णय गरीयो।

३. चालु आर्थिक वर्ष २०८२।०८३ को लागि गाँउ सभावाट स्वीकृत स्वास्थ्य विमा कार्यक्रम संचालन गर्न स्वास्थ्य शाखावाट तयार गरी पेश भएको र विधायन समितिवाट अध्ययन गरी प्रतिवेदन प्राप्त भएकोले स्वास्थ्य विमा सञ्चालन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरीयो।

४. प्रशासन शाखवाट तयार भई पेश भएको तथा विधायन समितिवाट अध्ययन गरी प्रतिवेदन पेश भएकोले गाउँपालकाको राजश्व तथा आम्दानी वृद्धि गर्न र नागरिकलाई सेवासँगै करको दायरामा ल्याउन व्यवसाय दर्ता तथा कर प्रणालीलाइ व्यवस्थित गर्न व्यवसाय कर सम्वन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरीयो।

५. प्राविधिक शाखाले तयार गरी पेश गरेको तथा विधायन समितिवाट अध्ययन गरी प्रतिवेदन प्राप्त भएकोले दिगो एवम् दिर्घकालिन पूर्वाधार विकास गर्न गाउँपालिकाको वहुवर्षीय आयोजना ठेक्का व्यवस्थापन सम्वन्धी मापदण्ड २०८२ स्वीकृत गर्ने निर्णय गरीयो।

६. महाभारत गाउँपालिकाको शिक्षा ऐन २०७७ वमोजिम गाउँपालिकाको अन्तर्गत संचालित विद्यालयहरूको व्यवस्थापन समितिको अध्यक्षहरूमध्येवाट शिक्षा शाखाको प्रस्ताव बमोजिम भैरव माध्यमिक विद्यालय महाभारत १ को व्यवस्थापन समितिका अध्यक्ष श्री डेमसाङ योन्जनलाई गाउँ शिक्षा समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरीयो।

७. महाभारत गाउँपालिकाको शिक्षा ऐन २०७७ वमोजिम गाउँपालिका अन्तर्गत संचालित देहायका विद्यालयहरूमा शिक्षा शाखाको प्रस्ताव वमोजिम विद्यालय व्यवस्थापन समितिका सदस्यहरू मनोनयन गर्ने निर्णय गरीयो।

८. गाउँपालिकाको स्वामित्वमा रहेको व्याक हो लोडर तथा स्काभेटर मर्मत संभार गरी संचालनको व्यवस्था मिलाउन व्याक हो लोडर तथा स्काभेटर व्यवस्थापन समिति तथा पालिकाको खरिद

का... जिम्बा
प्रमुख

समिति र जिन्सी शाखालाई व्याक हो लोडर तथा स्काभेटर मर्मत सम्भारको प्रक्रिया अगाडि वढाउन निर्देशन दिने निर्णय गरीयो।

क. श्री जककल्याण मा वि महाभारत ८ घुर्तिखर्क — श्री युवराज वाइवा र तेजमाया राना

ख. श्री सुनौलो प्रावि महाभारत ६ लामीटार — श्री सुर्य वहादुर थिङ र मन्दोमाया भोम्जन

ग. श्री म्हेन्दोफोले प्रा वि महाभारत ४ कलवन — श्री असलीमाया तामाङ र हेमवहादुर लामा

घ. श्री हायुखोला प्रा वि महाभारत ७ — श्री यमकुमारी लामा र कान्छामान वल

ङ. श्री जनसन्देश प्रा वि महाभारत १ फिरिम स्याङ्तान — श्री तिलकवहादुर जिम्वा र इन्द्रमाया

च. श्री सेतीदेवी प्रा वि महाभारत २ जोरझाँगा — श्री शंकरलाला वाइवा र ढकीमाया मोक्तान

छ. श्री ठाकुरस्थान आ वि महाभारत ४ झिडनेडाँडा — श्री मोहनीमाया यस्माली र विजय लामा

९. महाभारत गाउँपालिका क्षेत्रमा शान्ति सुरक्षा व्यवस्थापन र चेकजाँच व्यवस्थालाई चुस्त वनाउन इलाका प्रहरी कार्यालय देवीटारले संचालन गर्ने गरी प्रहरी डयूटी पोष्ट निर्माण गर्न प्राविधिक शाखाले तयार गरेको लागत अनुमान र प्रस्ताव वमोजिम डयुटि पोष्ट निर्माणका लागि चालु आर्थिक वर्ष २०८२।०८३ को भैपरी भैपरी आउने पुजीगत शिर्षकवाट रू १५००००। (अक्षेरूपी एकलाख पचास हजार रूपैया मात्र) वजेट विनियोजन गर्ने निर्णय गरीयो।

१०. महाभारत गाउँपालिका क्षेत्रमा यातायातको आवागमनलाई सुचारू गर्न देहायका सडकहरू सुचारू गर्न देहायका सडकहरू मर्मत सम्भार कोषबाट मर्मत गर्ने निर्णय गरीयो।

क. महाथान फिरिम गोगने धाप सडक — रू ४ लाख

ख. कोलटार ध्याब्रिङ्ग लामिडाँडा सडक — रू ३ लाख ५० हजार

...................

कान्छामान जिम्बा

**कान्छामान जिम्बा**
प्रवक्ता